"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

३ नं. प्रदेश, नेपाल

प.सं. : ०७७/७८

च.नं. : ४८८

फोन नं. ०११-४९९४५१

फ्याक्स नं. ०११-४९९३६७

मिति: २०७७/०५/०५

श्री सबै वित्तीय संस्थाहरु तथा सहकारी संस्थाहरु,
मुख्य कार्यालय/शाखा कार्यालय/सेवा केन्द्र,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषयः वित्तीय सेवा सञ्चालन सम्बन्धमा ।

विश्वभर महामारीको रुपमा फैलिएको COVID-19 रोकथाम एवं नियन्त्रणका लागि DCCMC काभ्रेपलाञ्चोकको मिति २०७७/०५/०२ गतेको निर्णय र यस नगरपालिकाको कोरोना रोकथाम एवं नियन्त्रणका लागि गठित स्थानीय निर्देशक समितिको मिति २०७७/०५/०५ गते भएको भर्चुबल छलफलको निर्णय बमोजिम यस पाँचखाल नगरपालिका क्षेत्रमा सञ्चालित वित्तीय तथा सहकारी संस्थाहरुले मिति २०७७/०५/०७ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि कोभिड-१९ सम्बन्धी नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई सीमित समयमा भिडभाडरहित तवरले वित्तीय संस्था तथा सहकारी संस्थाहरुले एक दिन विराएर (आइतबार/मंगलबार/विहिवार वा सोमबार/बुधवार/शुक्रवार) अर्थात शनिवार सेवा बन्द गरी एक दिनको अल्टर्नेटमा सेवा सञ्चालन गरी सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै मिति २०७७/०४/३२ गतेदेखि २०७७/०५/०५ गतेसम्म सेवा रोकेर सहयोग पुर्याउनुहुने सबै वित्तीय संस्थाहरु तथा सहकारी संस्थाहरुमा नगरपालिका कार्यालय आभार व्यक्त गर्दछ । थप जानकारी आवश्यक भएमा सहकारी शाखा ९८४१६७४४५५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

साथै सबै वित्तीय संस्थाहरु तथा सहकारी संस्थाहरु विहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्रै सञ्चालन गर्नुहुन एवं अर्को सूचना जारी नभएसम्म घरदैलो बचत संकलन तथा समुह परिचालन/भेला/साधारणसभा जस्ता कार्य स्थगित गर्नुहुन अनुरोध छ ।

शाखा अधिकृत
(राजेश बन्जारा)
शाखा अधिकृत

१. कृषि उपज, दुध लगायतका पशु उपज संकलन एवं भण्डार केन्द्र एवं ढुवानी कार्य सावधानी अपनाई भौतिक दुरी कायम गरी स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरी मास्क लगाई हरेक दिनको सीमित समयका लागि निरन्तर सञ्चालन गर्ने ।

२. बैंक, सहकारी संस्था लगायतका अन्य वित्तीय संस्थाका प्रमुख कार्यालय, शाखा कार्यालय वा सेवा केन्द्र शनिवार सेवा बन्द गरी हप्ताको तीन दिन आईतवार/मंगलबार/विहिवार वा सोमबार/बुधवार/शुक्रवार मध्ये एक समुहमा आलोपालो व्यवस्था गरी न्युनतम कर्मचारी मार्फत स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सीमित वित्तीय सेवामात्र सञ्चालन गरी सधारणसभा/समुह परिचालन/समुह भेला/समितिका बैठक नगर्ने तथा बजार प्रतिनिधिहरु परिचालन नगर्ने ।

३. खाद्यान्न पसल, मासु पसल, तरकारी तथा फलफूल पसल बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुकी ४ बजेदेखि ६ बजेसम्म स्वास्थ्यको मापदण्ड अपनाई कारोबार गर्ने ।

४. सम्पूर्ण चिया, खाजा होटल पसल, ईलेक्ट्रिकल पसल कपडा पसल हाललाई बन्द गर्ने । डेरी एवं खाध्यान्न पसलबाट चिया, नास्ता, खाजा जस्ता चिज विक्री हाललाई बन्द गर्ने ।

५. खानेपानी ट्याङ्कर/जार सेवा आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सञ्चालन गर्ने ।

६. मठ मन्दिरमा नियमित पूजाबाहेक अन्य पर्व, उत्सव, जात्राका रुपमा थप गतिविधि हुन नदिने ।

७. प्रदर्शनी, संग्रहालय अर्को निर्णय नहुँदा सम्मका लागि पूर्ण रुपमा बन्द गर्ने ।

८. रिक्सा, ठेलागाडा, अटोरिक्सा, मिनिबस, माइक्रोबस लगायत सार्वजनिक यातायातका साधन पूर्ण रुपमा रोक लगाउने ।

९. कवाडीखाना, सवारी वर्कसप, ब्युटीपार्लर, सैलुन हाललाई बन्द गर्ने ।

१०. एग्रोभेट बिहान ७ बजेदेखि ९ बजेसम्म स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सञ्चालन गर्ने ।

११. जिमखाना, खेलमैदान, व्यायामशाला लगायत खेल्ने गतिविधि पूर्ण रुपमा बन्द गर्ने ।

१२. पार्टी प्यालेस पूर्ण रुपमा बन्द गर्ने ।

१३. सभा गोष्ठी तालिम सेमिनार भोजभतेर हालको लागि बन्द गर्ने ।

१४. मृत्युसंस्कारमा सीमित व्यक्तिको उपस्थितिमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर सामाजिक दूरी कायम गरी सम्पन्न गर्ने।

१५. ध्यानकेन्द्र, योगा केन्द्र, सत्सङ्ग हाललाई बन्द गर्ने ।

१६. बन्द गरिएका पेशा व्यवसायीहरूका नाममा बाहिर ढोका बन्द गरी भित्री कारोबार गरेको पाइएमा कारवाही गर्ने ।

१७. व्यवसायका नाममा अनुमतिप्राप्त साधनहरुले यात्रुहरु ओसारपसार गरेको पाइएमा सवारी साधनलाई नियन्त्रणमा लिने।

१८. कृषि उपज, दुध लगायतका पशु उपज बोक्ने गाडीले अन्य यात्रु ओसारपसार गर्न नपाउने ।

१९. पाँचखाल नगर क्षेत्र भित्रका विकास निर्माणका लागि निर्धारित साधन बाहेकले गर्ने ढुवानीको हकमा निर्धारित समयमा मात्र सञ्चालन गर्ने ।

२०. माथि उल्लेखित निर्णयहरूको कार्यान्वयनको प्रभावकारिताका लागि स्थानीय जनप्रतिनिधि, सुरक्षा निकाय, कर्मचारीले संयुक्त र छुट्टाछुट्टै अनुगमन गर्ने ।

२१. नगरपालिका कार्यालय र वडा कार्यालयले प्रवाह गर्ने सेवाको हकमा मिति २०७७ साल भाद्र ७ गतेसम्म अत्यावश्यक सेवाको बाहेकका अन्य सेवाहरु प्रदान नगर्ने यसअघि निर्णय भएकोमा मिति २०७७ साल भाद्र १२ गते शुक्रबार सम्मको लागि निरन्तरता दिने ।सीमित कर्मचारी परिचालनको यसअघिको तालिकालाई निरन्तरता दिने । सेवा अवरुद्द हुँदा पर्न जाने असुविधा प्रति नगरपालिका कार्यालय सम्पूर्ण नगरबासीमा क्षमा माग्दै कोरोना रोकथाम एवं नियन्त्रण कार्यमा सहयोगका लागि सम्पूर्ण नगरवासीमा आव्हान गर्ने ।

निर्णय प्रमाणित

२०७७।०५।०८

शाखा अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
… नेपाल

आज मिति २०७७ साल भाद्र ५ गते शुक्रबारका दिन यस पाँचखाल नगरपालिकाका नगर प्रमुख महेश खरेल ज्यूको संयोजकत्वमा कोभिड-१९ बाट सिर्जित विषम परिस्थितिमा पर्नसक्ने असर र सोका लागि अख्तियार गर्नुपर्ने रणनीति उपर छलफलका लागि सूचना प्रविधिको उपयोगमार्फत विभिन्न चरणमा भर्चुअल विधिबाट छलफल भयो । उक्त छलफलमा देहाएका पदाधिकारीहरूको सहभागिता रह्यो ।

1. श्री महेश खरेल- नगर प्रमुख
2. श्री लक्ष्मी दनुवार- उपप्रमुख
3. श्री लोक बहादुर भण्डारी- प्रमुख प्रशासकीय अधिकृत
4. श्री महेश केसी-सशस्त्र प्रहरी गण १५ नं बाहिनी पाँचखाल प्रमुख - एसपी
5. श्री राजेश बञ्जारा-, शाखा अधिकृत
6. श्री राजेश अधिकारी- नेपाल प्रहरी पाँचखालका ईन्चार्ज-इन्स्पेक्टर
7. श्री उज्जवल अधिकारी- पाँचखाल नगर स्वास्थ्य संयोजक
8. श्री कपिलदेव भट्ट- प्राविधिक शाखा प्रमुख-ईन्जिनियर
9. श्री दिनेश चौहान- सूचना प्रविधि अधिकृत
10. श्री कल्याण प्रसाद सुबेदी- अधिकृतस्तर छैठौं
11. श्री अष्टमान तामाङ- वडाध्यक्ष वडा नं १
12. श्री हरिराम खतिवडा वडाध्यक्ष वडा नम्बर २
13. श्री सुन्दर अधिकारी वडाध्यक्ष वडा नं ३
14. श्री सुन्दर तामाङ वडाध्यक्ष वडा नं ४
15. श्री बालकृष्ण सापकोटा वडाध्यक्ष वडा नं ५
16. श्री रामशरण दुलाल वडाध्यक्ष वडा नं ६
17. श्री पुष्कर ढकाल वडाध्यक्ष वडा नं ७
18. श्री संजय तामाङ वडाध्यक्ष वडा नं ८
19. श्री किरण श्रेष्ठ वडाध्यक्ष वडा नं ९
20. श्री नारायण प्र.सापकोटा वडाध्यक्ष वडा नं १०
21. श्री शिवशरण लामा वडाध्यक्ष वडा नं ११
22. श्री गोपाल दनुवार वडाध्यक्ष वडा नं १२
23. श्री शुकुविर तामाङ वडाध्यक्ष वडा नं १३

निर्णय प्रमाणित,
शाखा अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

उल्लेखित उपस्थितिमा देहायअनुसारका निर्णयहरु गरियो ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले यस नगरपालिका क्षेत्र समेत प्रभावित हुनसक्ने वर्तमान अवस्थामा जिल्ला विपत व्यवस्थापन समितिको निर्णय समेतलाई आधार मान्दै यसको संक्रमण फैलिन नदिई नागरिकको स्वास्थ्य सुरक्षाका लागि साबधानी र सतर्कताका उपायसहित निम्न क्षेत्रमा देहायका व्यवसाय देहायको समयतालिका अनुसार मात्र सञ्चालन गर्न उपयुक्त हुने देखिएकाले सार्वजनिक रुपमा समेत यस सूचनाको प्रवाह गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।